म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ४७ २०८१ पुस १९ गते शुक्रबार 3 January 2025, Friday - पृष्ठ ४ मूल्य रु. ५/-




## मउवासंघको निर्वाचनअघि सदस्यता विवाद



*सहायक प्रमुख जिल्ला अधिकारीलाई निवेदन बुझाउनुहुँदै अनिल अग्रवाल ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुर उद्योग वाणिज्य संघ (मउवासंघ) को निर्वाचनको १० दिन अघि सदस्यताका सन्दर्भमा विवाद देखिएको छ । निर्वाचनको मिति नजिकिएसँगै मताधिकारको विषयमा विवाद देखिएको हो । सदस्यता विवादको विषयलाई लिएर मकवानपुर उद्योग वाणिज्य संघको वर्तमान समितिका वरिष्ठ उपाध्यक्ष तथा आसन्न निर्वाचनमा अध्यक्षका आकांक्षी अनिल अग्रवालले जिल्ला प्रशासन कार्यालय मकवानपुरमा पुगेर सहायक प्रमुख जिल्ला अधिकारी ढोलकराज ढकाललाई निवेदन दिनुभएको छ। एशोसिएटतर्फ सदस्यता स्थानान्तरण गरेका ९ जना सदस्यको तर्फबाट अग्रवालले प्रशासनमा निवेदन दर्ता गराउनुभएको हो । एसोसिएटतर्फ स्थानान्तरण गरेका सदस्यले मताधिकार कायम हुनुपर्ने माग गर्दै स्थानीय प्रशासनमा बुधबार निवेदन दिएका हुन् ।

पुस १६ गते संघको कार्यसमिति बैठकले निर्वाचनअघि एसोसिएटतर्फ स्थानान्तरण हुने सदस्यलाई साविककै क्षेत्रमा मताधिकार रहने गरी निर्णय गरेको थियो । उक्त निर्णयमा वरिष्ठ उपाध्यक्ष अग्रवालसहित ४ जनाले 'नोट अफ डिसेन्ट' लेखेका थिए । सदस्यता नवीकरण गर्ने अन्तिम दिन पुस ९ गते प्रमोद सिंह रानाभाट समूहबाट २ जना सदस्यले अन्य समूहबाट एसोसिएटतर्फ स्थानान्तरण गर्ने प्रयास गरेपछि अग्रवाल समूहका ९ जनाले पनि अन्य समूहबाट एसोसिएटतर्फ स्थानान्तरणका लागि निवेदन दिएर राजश्व समेत बुझाएका हुन् ।

सदस्यता स्थानान्तरण र मताधिकार सम्बन्धी विवाद भएपछि सदस्यको माग बमोजिम मताधिकार दिँदा निर्वाचनको परिणाममै प्रत्यक्ष प्रभाव देखिने भएपछि साविककै क्षेत्रमा मताधिकार रहने निर्णय गरेको मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार अग्रवालले जानकारी दिनुभयो ।

मणि खाद्यान्न सेन्टरका सञ्चालक काव्यमणि अधिकारी, बानियाँ ट्रेडर्सका सञ्चालक राजेश बानियाँ, ओम बाबा वैद्यनाथ भण्डारका प्रालि सञ्चालक सुदर्शन खरेल, ए एण्ड ए इन्टरप्राइजेजका सञ्चालक अरुण कुमार दाहाल, आर वी अर्वान विल्डर्स एण्ड सप्लायर्स प्रालिका राजेश भेटवाल, शिवशक्ति ट्रेडर्सका जानुका नेपाल, रोहिनी हाउजिङ एण्ड सप्लायर्सका विष्णु प्रसाद घिमिरे, स्वस्तिक डेभलपर प्रालिका भिमप्रसाद तिमल्सिना र स्यार्सेकालिका पेट्रोलियमका सञ्चालक गोकर्ण प्रसाद पराजुली लगायतले एशोसिएटमा परिमार्जन गर्न माग गर्दै निवेदन दिएका थिए ।

संघको विधानको दफा ८ बमोजिम एशोसिएट सदस्यका लागि आवश्यक कागजातसहित निवेदन पेश गरी उनीहरुको निवेदनमा कार्यालय प्रमुखले तोक लगाएर १० हजार रुपैयाँ राजश्व समेत बुझाइसकेको अनिल अग्रवालले बताउनुभयो । उहाँका अनुसार राज्यका निकायहरुमा दर्ता तथा नवीकरण र कर नियमित बुझाएर संघमा सदस्य रहेका छन् । संघको विधान बमोजिम २०५१ दफा ५ बमोजिम सदस्यता लिई उद्योग व्यापार क्षेत्रमा आफूहरु काम गर्दै व्यापारी तथा उद्योगीको क्षेत्रमा आफ्नो हकहितको बारेमा वकालत गर्दै आइरहेको उहाँले बताउनुभयो ।

संघको पुस १६ मा बसेको कार्यसमितिको बैठकले सदस्यता स्वीकृति गरेको तर निर्वाचन प्रक्रियामा सहभागी हुन नपाउने गरी एकल निर्णय गरेकोले अन्याय गरेको उहाँले बताउनुभयो। संघको विधानको दफा ११ (७) मा संघको सदस्यता प्राप्त गरेको मितिले ३६५ दिन पुगेको सदस्यहरुले मात्र निर्वाचन प्रक्रियामा मतदान गर्न पाउने व्यष्वस्था रहेको छ। उक्त व्यवस्थालाई टेकेर विगत वर्षदेखि नै संघको सदस्यता कायम भएको तर विधानको दफा ८ मा भएको व्यवस्था बमोजिम एशोसिएट सदस्य हुन चाहेको अवस्थामा कार्यसमितिले विधान विपरित र प्रचलित कानुन विपरित निर्णय गर्दा समस्या भएको उहाँको भनाई छ ।




## मंसिरमा २२ जना किशोरी आमा बने

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा मंसिर महिनामा २० वर्षभन्दा मुनिका २२ जना किशोरी आमा बनेका छन् । ३ सय २२ जना आमा बन्दा किशोरावस्थामै २२ जना आमा बनेका हुन् ।

२ सय १९ जना सामान्य, १० जटिल, ९३ शल्यक्रिया गरेर आमाले शिशुलाई जन्म दिएको हेटौंडा अस्पतालका मेडिकल रेकर्डर सफलचन्द्र कँडेलले जानकारी दिनुभयो । २० वर्षभन्दा कम उमेर विवाह गर्नु/गराउनु नेपालको वर्तमान कानुनले दण्डनीय अपराध ठहऱ्याएको छ । तर, मकवानपुरमा उमेर नपुगी बालविवाह गर्ने र किशोरीहरु आमा बन्ने क्रम भने रोकिएको छैन ।

कात्तिक महिनामा २३ जना किशोरी आमा बनेका थिए । २ सय ९७ गर्भवतीले शिशुलाई जन्म दिँदा उमेर नपुगी २३ किशोरीले शिशुलाई जन्म दिएका थिए । कात्तिकमा एक सय ९७ सामान्य, ६ जटिल र ९४ गर्भवतीको शल्यक्रिया गरेर शिशुलाई जन्म दिइएको थियो ।

चालु आर्थिक वर्षको साउन महिनामा २६ जना, भदौमा १९ जना र असोजमा १२ जना किशोरी आमा बनेका थिए । गरिबी र अशिक्षाका कारण मकवानपुरका ग्रामीण क्षेत्रमा अझै बालविवाह नरोकिएको उहाँको भनाइ छ ।

मकवानपुरको विकट राक्सिराङ, कैलाश, इन्द्रसरोवर, मकवानपुरगढी, मनहरी, बैकया, बागमती गाउँपालिकामा समेत थुप्रै बालविवाह हुने गरेको छ । हेटौंडा उपमहानगरभित्रका ग्रामीण वडामा पनि बालविवाह रोक्न सकिएको छैन ।






# सम्पादकीय

## वन्यजन्तुको आक्रमण बढ्दो

पछिल्लो समय वन्यजन्तुको आक्रमण बढेको छ । राष्ट्रिय निकुञ्जमा वन्यजन्तुको बढेका कारण मध्यवर्ती क्षेत्रमा वन्यजन्तुको आवागमन बढ्दै गएको हो । यसले मानव-वन्यजन्तुबीचको द्वन्द्वसमेत बढ्ने खतरा देखाएको छ । वन्यजन्तु संरक्षणमा देखिएको सफलताले मानव-वन्यजन्तुबीचको द्वन्द्व बढेको मान्न सकिन्छ । तर, यसबाट वन्यजन्तु संरक्षणमा थप संकट उत्पन्न हुने जोखिम पनि बढाएको छ । वनजंगलको संरक्षणसँगै वन्यजन्तुको संख्यामा वृद्धि हुँदै जाँदा मानिस र वन्यजन्तुबीचको द्वन्द्व बढेको हो । वन्यजन्तु मानव बस्तीमा प्रवेश गरेर आक्रमण गर्ने घटना बढ्दै गएपछि वन्यजन्तु संरक्षणमा थप चुनौती बन्ने सम्भावना देखिएको छ । पछिल्लो समय वन्यजन्तुले मानिसलाई आक्रमण गरेर मार्ने तथा घाइते बनाउने घटना निकै बढेको छ । वन्यजन्तुले घरपालुवा जनावरलाई आक्रमण गर्ने र खेती-बाली नष्ट गर्ने क्रम पनि उत्तिकै बढेको छ ।

मकवानपुरको मनहरी गाउँपालिका-५, बसन्तपुरमा गत मंगलबार एउटा नरभक्षी बाघलाई नियन्त्रणमा लिइयो । उक्त बाघले आइतबार स्थानीय कान्छीमाया रुम्बालाई आक्रमण गरी मारेको थियो । रुम्बालाई बारीमा घाँस काट्दै गरेको अवस्थामा बाघले आक्रमण गर्दा उनको घटनास्थलमै मृत्यु भएको हो । सोही बाघले सोमबार ७ वटा बाख्रासमेत मारेको थियो । मनहरी-५, बसन्तपुरका सूर्यबहादुर मोक्तानको खोरका ७ वटा बाख्रा बाघले मारेर एउटा बाख्रा बाघले जंगलतर्फ लगेको थियो । चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जसँग त्यस क्षेत्रमा आक्रमण गर्ने बाघलाई नियन्त्रणमा लिन ४ वटा हात्तीसहित दुबै राष्ट्रिय निकुञ्जबाट खटिएको टोलीले बाघलाई नियन्त्रणमा लिएको हो । ९ वर्षीया वयस्क पोथी बाघलाई उसैले मारेको बाख्रालाई पासो बनाएर डार्ट गरी नियन्त्रणमा लिइएको थियो । चितवनको रत्ननगर नगरपालिका-१३, जयमँगलामा गैंडाको आक्रमणबाट कृष्णाकुमारी थापाको मृत्यु भएको छ । मंगलबार गैंडाले आक्रमण गरेर ६ जनालाई घाइते बनाएकोमा उपचारको क्रममा एक जनाको मृत्यु भएको हो । उक्त गैंडाले सोहि स्थानमा रोकी राखेको एउटा कारमा समेत आक्रमण गरेको थियो । गैंडाकै आक्रमणबाट बुधबार चितवनको राप्ती नगरपालिका-१, दुबिचौरकी दिलमाया स्याङ्तानलाई घाँस काट्ने क्रममा आक्रमण गरी घाइते बनाएको छ ।

पछिल्ला वर्षहरुमा बाघ, हात्ती, गैंडा, चितुवा, भालु, बँदेल आदि वन्यजन्तुले मानिसमाथि आक्रमण गरेर क्षति पुऱ्याउने क्रम बढ्दै गएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको तथ्यांकअनुसार आर्थिक वर्ष (आव) २०७६/०७७ मा वन्यजन्तुको आक्रमणबाट देशभर ३३ जनाको मृत्यु र ११० जना गम्भीर घाइते भएका थिए । उक्त वर्ष वन्यजन्तुको आक्रमणबाट क्षतिसम्बन्धी ८ हजार १ सय ६४ घटना दर्ता भएका थिए । आव २०७७/०७८ मा वन्यजन्तुको आक्रमणबाट ४० जनाको मृत्यु र ६७ जना गम्भीर घाइते भएका थिए । क्षति सम्बन्धी ८ हजार ४ सय ५५ वटा घटना दर्ता भएका थिए । आव २०७८/०७९ मा वन्यजन्तुको आक्रमणबाट ५८ जनाको मृत्यु र ११६ जना गम्भीर घाइते भएका थिए । वन्यजन्तुको आक्रमणबाट भएको क्षतिसम्बन्धी १२ हजार ६ सय ७२ घटना दर्ता भएका थिए । आव २०७९/०८० मा वन्यजन्तु आक्रमणबाट ३९ जनाको मृत्यु र १२४ जना गम्भीर घाइते भएका थिए । सो वर्ष वन्यजन्तुबाट भएको क्षतिसम्बन्धी १० हजार ४ सय २६ घटना दर्ता भएका थिए ।

वन्यजन्तु संरक्षणमा प्राप्त भएको सफलतासँगै राष्ट्रिय निकुञ्ज र अन्य संरक्षित क्षेत्र वरपर बढ्दो जनघनत्व एवम् अव्यवस्थित भू-उपयोगका कारण वन्यजन्तु र मानिसको बीचमा द्वन्द्व बढ्दै गएको छ । मानवीय र प्राकृतिक कारणले वन्यजन्तुको बासस्थानमा भएको क्षयीकरण एवम् संकुचनले वन्यजन्तु आफ्नो प्राकृतिक बासस्थान छाडी गाउँ बस्तीमा पस्ने गरेको हो । यसले संरक्षित क्षेत्रभित्र तथा यसको वरिपरिको समुदायमा मानवीय र आर्थिक क्षति बढ्दै गएको छ । वन्यजन्तुको आक्रमणबाट हुने मानवीय क्षति (मृत्यु तथा घाइते) का साथै बालीनाली, घर, गोठको क्षति न्यूनीकरण गर्नु अहिलको टड्कारो आवश्यकता बनेको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : भोगविलास र रमझममा आकर्षिक बनिने समय छ ।
**वृष** : इमान्दार र जिम्मेवारयुक्त कामको बोझ बढ्ला ।
**मिथुन** : आध्यात्मिक मनोभावको विकास हुने समय छ ।
**कर्कट** : धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।
**सिंह** : सामाजिक काममा सरिक भइने समय योग छ ।
**कन्या** : निर्णय क्षमतामा कमी आउने समय योग छ ।
**तुला** : सामाजिक काममा सरिक भइने समय योग छ ।
**वृश्चिक** : अध्ययन–अध्यापनका कामबाट लाभ प्राप्त होला ।
**धनु** : कामधन्धा तनावको विषय बन्न सक्ने छ ।
**मकर** : पौष्टिक आहारमा ध्यान पुऱ्याउँदा राम्रो हुन्छ ।
**कुम्भ** : आनन्द र मनोरञ्जनका काममा सरिक भइने छ ।
**मीन** : धार्मिक एवम् सामाजिक काममा समय व्यतित होला ।

# सर्वसाधारणले अर्थराजनीतिलाई किन र कसरी बुझ्ने ?

**मेरो बुझाइमा अर्थशास्त्रको करिब ६० प्रतिशत ज्ञान व्यवहार वा भोगाइबाट बुझ्न सकिन्छ । केवल ४० प्रतिशत मात्र विषयगत ज्ञान तथा सिद्धान्तको अध्ययनसँग सम्बन्धित हुन्छ । यस दृष्टिकोणबाट हेर्दा अर्थशास्त्रका ६० प्रतिशत विषयसँग सर्वसाधारण तथा प्राज्ञिक सर्टिफिकेट नभएका किसान र मजदुरले दैनिक जीवनमा पौँठेजोरी खेलिरहेका हुन्छन् ।**





**केशव खतिवडा**

समग्रमा आर्थिक क्रियाकलापसँग सम्बन्धित विषयका बारेमा अध्ययन गर्ने विधा नै अर्थशास्त्र हो । पूर्वीय दर्शनमा यस शब्दको अर्थ खोज्दा 'अर्थ'ले धन वा सम्पत्ति र 'शास्त्र'ले यथार्थ वा वास्तविक ज्ञान भन्ने अर्थ दिन्छ ।

अर्थशास्त्रकै अर्थमा अंग्रेजी शब्द 'इकोनोमिक्स' भने ग्रिस भाषाको 'ओइकोनोमिया'बाट आएको हो । जसको अर्थ प्रबन्ध वा व्यवस्थापन गर्नु भन्ने हुन्छ । यसरी उत्पत्ति र शाब्दिक हिसाबले पनि अर्थशास्त्रको प्रमुख काम आर्थिक पक्षको व्यवस्थापन गर्नु हो भन्ने प्रस्ट हुन आउँछ ।

हाम्रो समाजमा अर्थशास्त्र बुझ्ने सवाललाई बडो कठिन र जटिल ढंगले भाष्य सिर्जना गरिएको छ । अर्थशास्त्र कहाँ जो-कोहीले बुझ्छ ? यो त अर्थशास्त्र पढेका, अझ पीएचडी गरेका वा अर्थशास्त्रमा नोबेल पुरस्कार प्राप्त गरेकाले मात्र बुझ्ने विषय हो । सर्वसाधारणले यसलाई बुझ्न सक्दैनन् र बुझ्न आवश्यक पनि छैन भन्ने बुझाइ समाजमा देखिन्छ । यस बुझाइलाई खण्डन गर्नु यस आलेखको प्रमुख उद्देश्य हो ।

सर्वसाधारणले अर्थशास्त्रलाई नबुझ्दा वा बुझ्ने कोसिस नगर्दा नै लुट र भ्रमको खेती गर्नेलाई सहज भइरहेको छ । अर्थशास्त्र नबुझ्ने कतिपय सर्वसाधारणले आर्थिक अभावलाई आफ्नो पूर्वजन्मको कर्मको फल ठान्ने समेत गर्छन् । उनीहरुले मुलुकको अर्थराजनीतिको दोष देख्दैनन् ।

मूलतः अर्थशास्त्रसँग राजनीति पनि जोडिएको हुन्छ र राजनीतिको केन्द्र भागमा नागरिक रहन्छन् । यसको मुख्य उद्देश्य विकास, समृद्धि, समानता, स्वतन्त्रताका माध्यमबाट मुलुकको अग्रगामी परिवर्तन गर्नु हो ।

यस आलेखमा केवल व्यवहारबाट बुझ्ने अर्थशास्त्रका बारेमा मात्र चर्चा गरिनेछ । जुन सामान्य लेख-पढ गरेका किसान र मजदुरका लागि लाभदायक हुन सकोस् । मेरो बुझाइमा अर्थशास्त्रको करिब ६० प्रतिशत ज्ञान व्यवहार वा भोगाइबाट बुझ्न सकिन्छ । केवल ४० प्रतिशत मात्र विषयगत ज्ञान तथा सिद्धान्तको अध्ययनसँग सम्बन्धित हुन्छ । यस दृष्टिकोणबाट हेर्दा अर्थशास्त्रका ६० प्रतिशत विषयसँग सर्वसाधारण तथा प्राज्ञिक सर्टिफिकेट नभएका किसान र मजदुरले दैनिक जीवनमा पौँठेजोरी खेलिरहेका हुन्छन् । तर उनीहरूलाई थाहा हुँदैन यी अर्थशास्त्रसँग सम्बन्धित विषयवस्तु हुन् । यिनीहरूको व्यवस्थापन अर्थराजनीतिले गर्नुपर्छ भनेर ।

यहाँनेर स्पष्ट पारौँ । अर्थशास्त्रका उत्पादन, उपभोग, वितरण, विनिमय, सार्वजनिक वित्तजस्ता विषयवस्तुबारे यहाँ चर्चा गरिनेछैन । यस्तै स्रोतको दुर्लभता, माग र आपूर्तिको नियम, सीमान्त उपयोगिता सिद्धान्त, श्रम विभाजन, प्रतिस्पर्धात्मक लाभको सिद्धान्त तथा आर्थिक स्वतन्त्रताको सिद्धान्तका बारेमा पनि यहाँ चर्चा गरिने छैन । पूर्वीय र पाश्चात्य अर्थशास्त्र; क्लासिकल र नवक्लासिकल अर्थशास्त्र; विकास, पर्यावरणीय, समाजवादी, पुँजीवादी र सामाजिक जस्ता अर्थशास्त्रका किसिमका बारेमा पनि चर्चा गरिनेछैन । जुन सैद्धान्तिक र शास्त्रीय विषय हुन् । यसबारे कुनै अर्को प्रसंगमा गरौँला ।

अब लागौँ, अर्थशास्त्रको सामान्य बुझाइतर्फ ।

सर्वप्रथम अर्थशास्त्री रैगनार फ्रिसले सन् १९६९ मा अर्थशास्त्रलाई मुख्य गरी 'माइक्रो' र 'म्याक्रो' गरी दुई भागमा विभाजन गरे र यिनीहरूका विषयवस्तु समेत प्रस्ट पारे । जसले अर्थशास्त्रका क्षेत्रमा लोकप्रियता हासिल गर्नुको साथै अध्ययनलाई सरलीकरण समेत गरे । अर्थशास्त्री फ्रिसले दुवै शब्द भौतिक विज्ञानबाट सापटी लिएका थिए ।

### माइक्रो (सूक्ष्म) अर्थशास्त्र

'माइक्रो' अर्थशास्त्र अन्तर्गत व्यक्ति, घर-परिवार, व्यक्तिगत फर्महरू, वस्तु वा सेवाको मूल्य निर्धारण, माग र आपूर्ति, उपभोक्ताहरुको व्यवहार, बजारको संरचना तथा किसिम जस्ता साना-साना चलराशि वा एकाइका बारेमा अध्ययन गरिन्छ ।

### म्याक्रो (बृहत) अर्थशास्त्र

यस अन्तर्गत राष्ट्रिय आय, आर्थिक वृद्धि, मुद्रास्फिति, बेरोजगारी, मौद्रिक र वित्तीय नीतिहरू, कुल (माग, पूर्ति, उपभोग र लगानी) सरकारी खर्च तथा आयात-निर्यातजस्ता ठुल्ठुला आर्थिक मुद्दाका बारेमा अध्ययन गरिन्छ ।

अर्थशास्त्रका उल्लिखित साना र ठुला दुवै प्रकारका मुद्दाका बारेमा सर्वसाधारणलाई सैद्धान्तिक ज्ञान नभए पनि दैनिक जीवनमा भने दिनहुँ सामना गरिरहनुपर्छ । अझ हाम्रोजस्तो साक्षरता ७० प्रतिशतको हाराहारीमा रहेको मुलुकका सामान्य लेखपढ मात्र भएका खासगरी किसान र मजदुरले देहायका विषयसँग गर्नुपरेको सामनाले वा व्यवहारजन्य हिसाबले अर्थशास्त्रलाई बुझ्नुपर्छ ।

१) महँगो शिक्षा प्रणाली

शिक्षा नागरिकको आधारभूत मौलिक अधिकार हो । तसर्थ उच्च तहसम्मको शिक्षा निःशुल्क हुनुपर्छ । साथै शिक्षामा विभेद हुनु हुँदैन । धनी र गरिबका सन्तानले पढ्ने शैक्षिक संस्था फरक प्रकृतिका हुनु हुँदैन ।

हामीकहाँ भने शिक्षामा माफियाकरण रहेको छ । निम्न मध्यम वर्गीय तथा सामान्य आय भएका किसान र मजदुरका सन्तानले महँगो शिक्षा हासिल गर्न सक्दैनन् । परिणामस्वरुप महँगो र गुणस्तीय शिक्षा हासिल गरेका सम्भ्रान्त वर्गका सन्तानसँग प्रतिस्पर्धा गर्न नसकेर अन्ततः खाडी मुलुक जान बाध्य हुन्छन् ।

२) महँगो स्वास्थ्य प्रणाली

स्वास्थ्य सबैभन्दा संवेदनशील आधारभूत मौलिक अधिकार हो । जुन जीवन र मरणको सवालसँग सम्बन्धित छ । तसर्थ स्वास्थ्य निःशुल्क हुनुपर्छ । विश्वका धेरै मुलुकमा स्वास्थ्य र शिक्षा नागरिकलाई निःशुल्क उपलब्ध गराइन्छ । जस्तै : स्कान्डिनेभियन (नर्वे, स्विडेन र डेनमार्क) मुलुक । जहाँ पीएचडीभन्दा तलको शिक्षा र अधिकांश स्वास्थ्य सेवा निःशुल्क छ ।

हामीकहाँ भने स्वास्थ्यमा भएको माफियाकरणले चाहे उपचारमा होस्, चाहे स्वास्थ्यसम्बन्धी पढाइमा होस्, सर्वसाधारणले चियाउनै नसक्ने गरी महँगो छ । निम्न मध्यम वर्गका व्यक्तिले न आफू सन्तुष्ट हुने गरी उपचार गर्न सक्छ, न त सन्तानलाई डाक्टर पढाउन सक्छ ।

३) बेरोजगारी

करिब ५९ प्रतिशत 'जनसांख्यिक लाभ' (सक्रिय जनसंख्या बढी हुनु) रहेको हाम्रोजस्तो मुलुक बेरोजगारीका कारण युवाविहीन बन्दै गएको छ । लाज पचाउन रेमिट्यान्सको हवाला दिइए पनि समाजको चित्र कहालीलाग्दो छ । परिणामतः खेतीयोग्य जग्गा बाँझिएका छन् । वृद्ध आमाबुबाको रेखदेख त परै जाओस् बिमारी हुँदा उपचार गर्ने र मृत्यु हुँदा काजकिरिया गर्ने सन्तान घरमा छैन । अर्कोतिर बालबच्चाको पढाइमा यथोचित ध्यान पुग्न सकेको छैन ।

रोजगार पनि नागरिकको नैसर्गिक अधिकार हो । मुलुकमा यथोचित औद्योगिकीकरण हुन नसक्नु नै बेरोजगारी समस्याको मुख्य कारण हो ।

४) अकासिँदो मूल्य वृद्धि र कालो बजार

निम्न मध्यम वर्गीय मानिसको ढाड सेक्ने अर्को कृत्रिम समस्या हो, चर्को मूल्य वृद्धि र कालो बजार । यस्तो मूलतः नियामक निकायहरुको बेकम्मापनका कारणले वा उनीहरुकै अदृश्य संलग्नताका कारण हुन्छ । सरकारमा रहेकाको व्यापारमा अदृश्य लगानी हुने वा ठुलो मात्रामा चन्दा लिएका कारण हुने जानाजान अनदेखाले यस्तो समस्याको सिर्जना हुने गर्छ ।

५) कमजोर पूर्वाधारको विकास

मुलुकको चौतर्फी विकासका लागि पूर्वाधारको विकास पहिलो सर्त हो । यातायात, ऊर्जा, स्वास्थ्य, शिक्षा, सञ्चार जस्ता पूर्वाधारका विकासले मात्र मुलुकको विकास सम्भव छ । जसका लागि ठुलो लगानी चाहिन्छ । पूर्वाधारमा भएको विकासले रोजगारीको सिर्जना, राजस्वमा वृद्धि हुनुका साथै सुविधामा समेत वृद्धि हुन्छ । एआईको आधुनिक युगमा हाम्रो मुलुकको अवस्था निकै टिठलाग्दो छ ।

मुलुक छिचोल्ने गरी रेलवे सेवाको विकास हुन नसक्नु, कमिसनको जगमा बनेका सडक यातायातबाट बर्सेनि हजारौँ मानिसले ज्यान गुमाउनु, जलस्रोतमा विश्वको दोस्रो धनी देश भएर पनि विदेशबाट बिजुली खरिद गर्नु, लोडसेडिङ हुनु, सबै ठाउँमा विद्युतीकरण हुन नसक्नु, कृषिप्रधान देशले ठुलो मात्रामा खाद्यान्न आयात गर्नु, सस्तोमा बहुमूल्य कच्चा पदार्थ निर्यात गर्नु र महँगोमा गुणस्तर हीन तयारी वस्तु आयात गरी ठुलो व्यापार घाटा बेहोर्नु, सोह्र सय लगानीकर्ता भेला गरेर सम्पन्न गरिएको लगानी सम्मेलन अन्नतः डिनर बैठक मात्र साबित हुनु, सरकारी स्तरबाट सञ्चालित स्वास्थ्य र शिक्षाजन्य निकायमा हुने राजनीतीकरणले ती संस्था धराशायी बन्दै जानु इत्यादि कारण हाम्रो देश आर्थिक गतिविधिमा पछाडि परेको छ ।

६) व्याप्त भ्रष्टाचार

मुलुकमा यत्रतत्र सर्वत्र भ्रष्टाचार रहेको अख्तियारको प्रतिवेदनदेखि गिरिबन्धु-टी स्टेट, यति होल्डिङ्गस, ललिता निवास, प्रकरणजस्ता नीतिगत तहका र सुनकाण्ड, भुटानी शरणार्थी काण्ड, वाइडबडी काण्ड सहकारी ठगीजस्ता भीमकाय काण्डहरुले घाम जत्तिकै छर्लङ्ग पारेको छ । जुन काण्डले एकातर्फ जघन्य मानवीय अपराध गरेको छ भने अर्कातर्फ राष्ट्रको आम्दानी मिलीभगतमा व्यक्तिको निजी सम्पत्ति बन्न पुगेको छ ।

७) दण्डहीनता

भ्रष्टाचारको मूल कारण दण्डहीनता हो । माथि उल्लिखित कुनै पनि काण्डका मूल नाइकेलाई हालसम्म कुनै कारबाही भएको छैन । बरु उल्लिखित सर्वदलीय भ्रष्टाचारलाई सर्वदलीय समझदारीका आधारमा विभिन्न बहानामा ढाकछोप गरिँदै छ । तथापि जनताको नजरमा भने डोकाले छोपेझैँ भएको छ ।

८) बढ्दो वैदेशिक ऋण

मुलुक करिब २६ खर्ब वैदेशिक ऋणको पासोमा फसेको छ । ऋणको किस्ता र साँवा-ब्याज भुक्तानीका लागि पुनः ऋण लिनुपर्ने अवस्था रहेको तथ्याङ्कहरूले पुष्टि गरेको छ । विगत लामो समयदेखि पुँजीगत खर्चभन्दा साधारण खर्चमा वृद्धि भएको छ । पुँजीगत खर्चको ठुलो हिस्सा कसिसनमा जाने तथ्यको पुष्टि पूर्वाधार विकास नहुनु, भएका पनि कमजोर गुणस्तरका हुनु र उच्च पदस्थ व्यक्तिहरुको स्रोत नखुल्ने सम्पत्तिले पुष्टि गर्छ ।

### निष्कर्ष

अर्थशास्त्रले समस्याको पहिचान गर्नुको साथै समाधानको उपाय पनि र ाजनीतिलाई सिफारिस गर्छ । तसर्थ यी यावत् विषय अर्थराजनीतिसँग सम्बन्धित विषय हुन् । जुन कुरा बुझ्नका लागि सर्वसाधारण नागरिकले अर्थशास्त्रको कुनै ठेली र सिद्धान्तहरूको अध्ययन गर्नुपर्दैन ।

दैनिक जीवनको कष्टकर भोगाइ नै बुझ्नका लागि काफी छन् । हामी कोबाट कसरी पीडित र प्रताडीत रहेछौँ ? हाम्रा यावत् दुःख र अभाव पूर्वजन्मको फल रहेछ कि शासकको अकर्मण्यताको फल रहेछ ? अब कसरी यस्ता बेथितिबाट मुक्त हुने ? आदि सवालमा दृष्टिकोण निर्माण गर्नका लागि अर्थराजनीति बुझ्न आवश्यक छ ।

अन्ततः अर्थराजनीति सुधार्ने नेतृत्व आवश्यक छ । जसले सिंगो मुलुक र आम नागरिकमाथि बारम्बार धोकाधडी गर्दै मुलुकलाई यो अवस्थामा पुऱ्याएको छ, तिनीहरूलाई कहिलेसम्म अनुमोदन गर्दै जाने ? खबरदारी गर्दै विकल्प खोज्ने ! छनोट तपाईं आमनागरिकको ?

*(स्रोतः रातोपाटी)*

# मनहरीमा अभिभावक सचेतना सुरु



*मनहरी गाउँपालिका-३ स्थित प्रजा आधारभूत विद्यालयमा अभिभावक सचेतना कार्यक्रममा सहभागी अभिभावकहरु ।*

समाज संवाददाता

हेटौँडाः बुधबारदेखि मकवानपुरको मनहरी गाउँपालिकाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको अभिभावकलाई सचेतना कार्यक्रम सुरु गरेको छ। शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार समृद्ध मनहरीको आधार भन्ने उद्देश्यले सुरु गरिएको सचेतना कार्यक्रममा पहिलो दिन ८३ जना अभिभावक सहभागी भएका छन् ।

करिब एक सय अभिभावकलाई बोलाएको भए पनि १७ जना अभिभावक कार्यक्रममा सहभागी नभएको मनहरी गाउँपालिका शिक्षा शाखाका प्रमुख प्रदीप पराजुलीले जानकारी दिनुभयो । पहिलो दिन बिहान ११ बजेबाट जनज्योति आधारभूत विद्यालयमा अभिभावकलाई सचेतना दिएको उहाँले बताउनुभयो ।

कार्यक्रममा आफ्नो धारणा राख्नुहुँदै अभिभावक विवेक घलानले बालबालिकाको भविष्यप्रति चिन्ता लिने प्रतिबद्धता जनाउनुभयो । सचेतना कार्यक्रमलाई पालिकाले निरन्तरता दिन सके मात्र कार्यक्रमले सार्थकता पाउने उहाँको भनाइ छ। बिहीबार प्रजा आधारभूत विद्यालयमा सचेतना कार्यक्रम भएको छ। तेस्रो दिन शुक्रबार पशुपतिनाथ माध्यमिक विद्यालयमा अभिभावकलाई सचेतना दिइँदैछ। यस्तै, पुस २० गते ब्रम्हकाली आधारभूत विद्यालय, २१ गते रीाष्ट्र्य माध्यमिक विद्यालय, २२ गते राष्ट्रिय रोटरी माध्यमिक विद्यालय, २३ गते सगरमाथा आधारभूत विद्यालयमा कार्यक्रम हुने गाउँपालिकाको शिक्षा शाखा प्रमुख पराजुलीले बताउनुभयो ।

मनहरी गाउँपालिकामा ३२ वटा सामुदायिक र ७ वटा संस्थागत विद्यालय छन् । जसमा ८ हजार ५ सय विद्यार्थी अध्ययनरत् छन् ।

# विपद् प्रभावित सडक पुन:निर्माण गर्ने रकम उपलब्ध गराइने

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश विपद् परिषद्को बैठकले विपद् कार्यकारी समितिको निर्णय हुवहु अनुमोदन गरेको छ। प्रदेश विपद् कार्यकारी समितिले गत कात्तिक ६, मंसिर २० र पुस ९ मा गरेको निर्णय कार्यान्वयन गर्नेगरी विपद् परिषद्को बिहीबार बसेको बैठकले अनुमोदन गरेको हो ।

परिषद्को बैठकले प्रदेशका विपद् प्रभावित तथा सुरक्षा निकायको भवन र संकटग्रस्त स्थानीय तहको क्षतिपूर्ति तथा पुन:निर्माणका लागि रकम उपलब्ध गराउने गरी कार्यकारी समितिको निर्णय अनुमोदन गरेको आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार गत पुस ९ गते हेटौँडा काठमाडौं जोड्ने सडक तथा विपद्बाट क्षति पुगेका अन्य सडक मर्मतका लागि रकम उपलब्ध गराउने निर्णय गरेको थियो भने कुलेखानीस्थित सिमखोलामा बेलिब्रिज हाल्ने निर्णय भएको थियो ।

बैठकले गत असोज ११ गतेदेखि परेको वर्षाको कारण क्षति भएको काठमाडौं र हेटौँडा जोड्ने प्रदेश लोकमार्गसहित विपद् प्रभावित मार्गहरु पुन: निर्माणका रकम उपलब्ध गराउन निर्देशन दिएको उहाँले बताउनुभयो । भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत् आग्रह भएकाले हेटौँडा-काठमाडौं जोड्ने तथा अन्य महत्वपूर्ण सडकहरुको हकमा बजेट शीर्षक कायम गरी अर्थ विविधबाट रकम प्रदान गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरेको उहाँले बताउनुभयो ।

विपद् कार्यकारी परिषद्मा भौतिक पूर्वाधार विकास मन्त्रालयले विपद् प्रभावित सडकहरु पुन:निर्माण कार्य संचालनका लागि तत्काल १५ करोड २५ लाख रुपैयाँ माग गरेको थियो। सो रकमले काम सुरु गरी आगामी आर्थिक वर्षको बजेटमा थप रकम व्यवस्था गरेर प्रादेशिक सडकहरु मर्मत गर्ने लक्ष्य रहेको मन्त्रालयले जनाएको छ। गत असोजको विपद्बाट सडक पुल तथा अन्य संरचनामा २ अर्ब भन्दा बढीको क्षति पुगेको मन्त्रालयको तथ्यांक रहेको छ ।

बैठकले गत मंसिर २० मा विपद् कार्यकारी परिषद्ले विपद्बाट भएको क्षतिको आकस्मिक मर्मत संभार, लगायतका कार्य गर्न आवश्यक बजेट व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालयको बजेटबाट आन्तरिक व्यवस्थापन गर्ने निर्णय गरेको थियो भने विपद् प्रभावित नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट आकस्मिक मर्मत सम्भारका लागि ४० लाख प्रदान गर्ने निर्णय गरेको थियो ।

यसैगरी गत कात्तिक ६ मा बसेको विपद् कार्यकारी परिषदको बैठकले काभ्रेको रोशी गाँउपालिकालाई विपद् व्यवस्थापनका लागि थप १२ लाख रुपैयाँ प्रदान गर्ने, विपद् प्रभावित स्थानीय तहहरुका लागि १ करोड २० लाख रुपैयाँ रकम उपलब्ध गराउने निर्णय गरेको थियो। उक्त निर्णय शुक्रबार बस्ने प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकमा प्रस्ताव पेश गरी निर्णय गराएर आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट व्यवस्था गर्नेछ ।

# सहकारीको उत्पादन प्रदर्शनी तथा बिक्री मेला समापन

समाज संवाददाता

हेटौँडाः हेटौँडामा आयोजित सहकारी तथा सहकारी सेयर सदस्यद्वारा उत्पादित वस्तु प्रदर्शनी तथा बिक्री मेला समापन भएको छ। जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरको २० औं स्थापना दिवसको अवसरमा मंगलबारदेखि सुरु भएको मेला बिहीबार समापन भएको हो ।

'सहकारीमा सुशासनः प्रविधि र एकीकरणसँगै उत्पादन, बजारीकरण तथा लगानीको आधारः उद्यम प्रवर्द्धन हाम्रो पूर्वाधार' भन्ने नारासहित मेला आयोजना गरिएको थियो। जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरका अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा मेला समापन गरिएको हो ।

मेला समापनको अवसरमा संघको नवनिर्मित भवन निर्माणमा सहयोग गर्ने विभिन्न सदस्य संस्था, स्थानीय तहलगायत अन्य व्यक्तिहरुलाई सम्मान गरिएको छ। उत्कृष्ट स्टल राख्ने सहकारी संस्थालाई पनि पुरस्कृत गरिएको छ।

संघको स्थापना दिवसको अवसरमा सहकारीबाट उत्पादित वस्तु तथा प्रशोधित वस्तुहरुको प्रदर्शनी तथा बिक्री गर्ने उद्देश्यले आयोजना गरिएको मेलामा ४१ वटा स्टल राखिएको थियो । मेलामा हस्तकला, खाद्य सामग्री र दुग्धजन्य परिकारका साथै सिन्धुलीको जुनार, मनहरी/राक्सिराङका बोडी, सिमी, मह, मासलगायत गेडागुडीहरु बिक्रीका लागि राखिएको थियो । ईन्द्रसरोवरको धुप, अमला, हर्रो, लप्सी, रुख टमाटर, सुन्तला, काउली, किबी पनि मेलामा बिक्रीका लागि राखिएको थियो ।

विभिन्न किसिमका अचारहरु, गिफ्ट आइटम, हातले बुनेका चकटी, नाम्लो, मुढालगायतका सामग्री मेलामा प्रदर्शनी तथा बिक्री गरिएको छ। यस्तै, रैथाने बाली कोदो तथा फापरका पिठोका परिकार, घ्यु, मह, पनिरलगायत दुग्धजन्य परिकार, दारको काठबाट बनेका ठेकीहरु, बेसार, तेल, चियापत्ति, थाकलबाट निर्मित टोपीहरु बिक्री तथा प्रदर्शनीको लागि राखिएको थियो ।

कार्यक्रममा बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटा, राष्ट्रिय सहकारी महासंघका सदस्यहरु बद्रीप्रसाद लम्साल, टेकप्रसाद चौलागाई, सुमन नेपाल, प्रदेश सहकारी संघका अध्यक्ष रामशरण घिमिरे, राष्ट्रिय बीमा कम्पनीका अध्यक्ष दिनेश उपाध्यायलगायतको आतिथ्य रहेको थियो ।

# हेटौँडा-काठमाडौं रोपवेको सम्भाव्यताबारे छलफल सुरु

जमुना तामाङ

हेटौंडाः विसं १९८२ सालमा राणा प्रधानमन्त्री चन्द्र शमशेरको पालामा निर्माण गरिएको हेटौंडा-काठमाडौं रोपवे पुनः सञ्चालनका लागि छलफल सुरु भएको छ। २५ वर्षदेखि बन्द अवस्थामा रहेको रोपवे पुनः सञ्चालनमा ल्याउन बागमती प्रदेश सरकारको पहलमा स्थानीय तहदेखि संघीय सरकारसँग सम्भाव्यताबारे छलफल चलाइएको हो ।

लामो समयदेखि बन्द रहेको रोपवेको सबैजसो संरचना अहिले जीर्ण बनेका छन् । रोपवे पुनः सञ्चालनको सम्भाव्यताबारे छलफल थालिए पनि कुन तहको सरकारले रोपवे सञ्चालनमा ल्याउने भन्ने विषय अन्योलमै रहेको छ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले अहिले सम्भाव्यताबारे अध्ययन भइरहेकाले पुनः सञ्चालनमा ल्याउन सकिन्छ वा सकिँदैन भन्ने कुरा अध्ययनपछि मात्र थाहा हुने बताउनुभयो। बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले रोपवेको जग्गा जमिन सुरक्षित रहेको र रोपवे उपयोगीसमेत हुने भएकाले नयाँ प्रविधि प्रयोग गरेर पुनः सञ्चालनमा ल्याउन सकिने बताउनुभयो ।

विसं २०५४ सालमा रोपवेको मकवानपुर सवस्टेशन ट्रान्सफर्मरमा समस्या देखियो । त्यसको मर्मत गर्न करिब ५ लाख लाग्ने अनुमान थियो । तत्कालीन समयमा सो खर्च सरकारले व्यवस्थापन नगर्दा यो रोपवे बन्दमात्र होइन, जीर्ण बन्दै गयो। सुरुमा यस रोपवेमा ३६० वटा डिब्बा सामान ओसार्न प्रयोग गरिएको थियो। २०५५ सालमा १६० वटा डिब्बा थिए ।

रोपवेको संरचनामा विसं २०११ सालको बाढीबाट क्षति भएपछि रोपवे बन्द भयो । पुनः सञ्चालनमा ल्याउन पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) मा समावेश गरियो। २०१६ सालबाट रोपवेको मर्मत कार्य सुरुवात गरियो । अमेरिकी सरकारको सहयोगमा ६४ लाख डलर खर्च गरेर रोपवे मर्मत गरिएको थियो ।

सुरुवातमा हेटौंडाबाट धोर्सिङसम्म सञ्चालन भइरहेको रोपवे विसं १९९२ सालमा जुद्ध शमशेरको पालामा टेकुस्थित भन्सार कार्यालयसम्म विस्तार गरिएको थियो । यसको कुल दुरी ४२ किलोमिटर रहेको छ। तत्कालीन श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत सञ्चालित रोपवे सेवाबाट ९ सय जनाले रोजगारी पाएका थिए। रोपवेमा ८ वटा टर्मिनल र ७ वटा स्टेशन छन् ।

२०५६ सालमा पूर्णरुपमा रोपवे बन्द भयो । रोपवे बन्द भएको ३ वर्षपछि २०५९ सालमा तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवाले रोपवे खारेज गर्ने निर्णय गर्नुभयो। चालु आर्थिक वर्षमा बागमती प्रदेश सरकारले रोपवे सञ्चालनको पूर्वसम्भाव्यता अध्ययनका लागि ५ लाख रुपैयाँ बजेटसमेत विनियोजन गरेको छ।

पूर्व सम्भाव्यता अध्ययनका लागि वार्षिक कार्यक्रममा समेटेर अध्ययन थालिएको मुख्यमन्त्री लामाले जानकारी दिनुभयो । रोपवे सञ्चालनमा ल्याउनका लागि बागमती प्रदेश सरकारले २०७६ सालमै चासो देखाएको थियो । तर, बजेट विनियोजन नभएका कारण काम अघि बढ्न सकेको थिएन। फेरि आर्थिक वर्ष २०७८/७९ मा यो रोपवे सञ्चालनबारे सम्भाव्यता अध्ययन गर्न १६ लाख रुपैयाँ बजेट विनियोजन गरियो। बजेट विनियोजन भए पनि बजेटको स्रोत सुनिश्चित नभएपछि काम अगाडि बढेन।

बन्द रोपवे पुनः सञ्चालनमा ल्याउने भन्दै राजनीतिक पार्टीहरूले आफ्नो चुनावी एजेण्डा बनाउँदै आएका छन् । २०७९ मंसिर ४ गते भएको प्रतिनिधिसभा निर्वाचनका लागि नेकपा एमालेले आफ्नो चुनावी घोषणापत्रमा यो रोपवे सञ्चालन गर्ने उल्लेख गरेको छ। अहिले एमाले र कांग्रेस नेतृत्वको सरकार छ । एमाले अध्यक्ष केपी शर्मा ओली नै प्रधानमन्त्री छन्। तर, आफ्नो चुनावी घोषणापत्रमा समावेश भएको रोपवे पुनः सञ्चालनका विषयमा कुनै पहल गरेको देखिँदैन ।

पुरानो रोपवेका पार्टपुर्जा काम लाग्ने अवस्थामा छैन । जसले गर्दा रोपवे पुनः सञ्चालन गर्न धेरै खर्च लाग्नेछ। कतिपय ठाउँमा रोपवेका जीर्ण संरचना हराइसकेको छ। रोपवेका कतिपय पार्टपुर्जा चोरीसमेत भएको प्रदेशसभा सदस्य श्रेष्ठले जानकारी दिनुभयो ।

# सर्प उद्दारका लागि हेटौँडा उपमहानगरको सहयोग

समाज संवाददाता



हेटौंडाः सर्प उद्दारका लागि हेटौंडा उपमहानगरपालिकाले सामग्री सहयोग गरेको छ। बुधबार उपमहानगरपालिका कार्यालय परिसरमा एक समारोहबीच सर्प उद्दारका लागि आवश्यक सामग्री सहयोग गरिएको हो ।

पत्रकारितामा सक्रिय रहेर सर्पको उद्दार गर्दै आउनुभएका बाबुछोरा राजेश थापा (गरिब) र रोशन थापा (दीप)लाई हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले उद्दार सामग्री हस्तान्तरण गर्नुभएको छ । वातावरण सन्तुलनका लागि महत्पूर्ण प्राणीको रुपमा मानिने सर्पको संरक्षण र उद्दारका लागि हेटौंडा उपमहानगरपालिकाले सामग्री हस्तान्तरण गरेको सर्प उद्दारकर्ता दीपले जानकारी दिनुभयो ।

मानिसबाट सर्पलाई र सर्पबाट मानिसलाई बचाउन सर्पको उद्दार गर्दै आएको उहाँले बताउनुभयो । सर्प उद्दारको समयमा प्रयोग गरिने स्नेक क्याच, स्नेक टंक, हुक स्टीक, बुटसेट, व्याग, ग्लब्स, हेड टर्चसहित करिब ३५ हजार रुपैयाँ बराबरको सामग्री नगर प्रमुख लामाले हस्तान्तरण गर्नुभएको उहाँले जानकारी दिनुभयो ।

सामग्री हस्तान्तरण गर्दै नगर प्रमुख लामाले सेवा गर्ने भावनाले सर्प उद्दार जस्तो जोखिमपूर्ण कार्य सुरक्षा बिना नै गर्दै आएकोमा चिन्ता व्यक्त गर्नुभएको छ। उहाँले सुरक्षित तरिकाले मानिसबाट सर्प र सर्पबाट मानिसलाई जोगाउने काम होस् भन्ने उद्देश्यले उपमहानगरले सामग्रीहरु उपलब्ध गराएको बताउनुभयो । सकारात्मक कामका लागि सहयोग गर्न उपमहानगरपालिका पछि नपर्ने नगर प्रमुख लामाको भनाइ छ।

पत्रकारितासँगै उपमहानगर क्षेत्रका घरघरमा पुगेर निःशुल्क सेवा भावले सर्प उद्दार गरेकोमा मेयर लामाले दुबै जनालाई धन्यवाद व्यक्त गर्नुभयो। सुरक्षित तरिकाले उद्दार कार्य गर्न उहाँले आग्रह गर्नुभयो ।

मानवीय बस्ती र घरभित्र पसेका सर्प उद्दार गरेर मानव बस्तीभन्दा टाढा वन क्षेत्रमा लगरे छाड्ने गरेको उद्दारकर्ता गरिबले जानकारी दिनुभयो। सर्पको उद्दार गरेपछि विषालु र अविषालु पहिचान गरेर डिभिजन वन कार्यालयसँगको समन्वयमा मानव र सर्प दुबैलाई हानि नहुने गरी टाढा लगेर छाड्ने गरेको उहाँको भनाइ छ । सर्प उद्दारको कार्यमा सुरक्षा सामग्रीबिना नै खटिँदै आएकोमा हेटौंडा उपमहानगर पालिकाले आवश्यक सामग्री उपलब्ध गराएकोमा उहाँले खुशी व्यक्त गर्नुभयो ।

उद्दारको क्रममा अहिलेसम्म १४ प्रजातिका सर्प फेला पारिसकेको उहाँले जानकारी दिनुभयो। विषालु किङ्गकोब्रा, स्पेक्टिकल कोब्रा (गोवन सेतीनाग), मोनोस्लेड कोब्रा (गोवन चन्द्रानाग), ग्रिनपिट भाइपर, बेण्डेड करेत फेला परेको उहाँले बताउनुभयो । यस्तै, अविषालुमा कपर हेडेट ट्रिंटेढ, कमन टिंटेढ, ट्वीन स्पोटेट, उल्फ स्नेक, फ्रोस्टेन क्याट स्नेक, चेर्कड किलब्याक, अर्नेनेट फ्ल्याक स्नेक, बफस्ट्रिप्ड किलब्याक र धामन सर्पको उद्दार गर्न सफल भएको उहाँको भनाइ छ।

उपमहानगर परिसरमा भएको सामग्री हस्तान्तरण कार्यक्रममा हेटौंडा-१ का वडा अध्यक्ष सविन न्यौपाने, हेटौंडा-८ का वडा अध्यक्ष रामकृष्ण थापा, हेटौंडा-९ का वडा अध्यक्ष सुकराम केसीलगायतको उपस्थिति थियो ।

हार्दिक श्रद्धाञ्जली



जन्मः
१९८३/१२/१३

स्वर्गारोहणः
२०८१/०९/०८

स्व. दीलमाया श्रेष्ठ

यस संघका अध्यक्ष एवम् नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष श्री हिरालाल श्रेष्ठ, भाईहरुः श्री मोतीलाल श्रेष्ठ, श्री धर्मलाल श्रेष्ठ, श्री रामलाल श्रेष्ठ, डा. किशोरलाल श्रेष्ठ, श्री गणेशलाल श्रेष्ठ र बैनी शुभद्रा श्रेष्ठको ममतामयी माता **दीलमाया श्रेष्ठ**को मिति २०८१/०९/०८ गतेका दिन भएको असामयिक निधनले हामीलाई मर्माहत बनाएको छ । शोक सन्तप्त परिवारजनमा यस दुःखद घडीको सामना गर्न सक्ने शक्ति मिलोस् भनि गहिरो समवेदना व्यक्त गर्दै दिवङ्गत आत्माको चीरशान्तिको कामना सहित **आज १३ औं दिन**को पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

सरोजकुमार खनाल, महासचिव
एवम्
नारायणी यातायात व्यवसायी संघ, परिवार
हेटौंडा-४, पारिजातपथ

# बागमती प्रदेश लिगको फाइनलमा काठमाडौं र दोलखा भिड्ने



*बिहीबार ललितपुरलाई पराजित गर्दै फाइनल प्रवेश गरेको काठमाडौं जिल्लाको चित्लाङ फुटबल क्लबको टिम ।*

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश लिग फुटबल प्रतियोगिताको फाइनलमा काठमाडौं र दोलखा भिड्ने भएको छ। पुस २० शनिबार हुने प्रतियोगिता अन्तर्गतको फाइनल खेलमा काठमाडौं र दोलखा भिड्ने निश्चित भएको हो ।

फाइनल खेल शनिबार २ बजे हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुनेछ । यसअघि बिहीबार सम्पन्न सेमिफाइनल खेलमा काठमाडौंले ललितपुरलाई पराजित भएसँगै काठमाडौं फाइनलमा प्रवेश गरेको हो भने बुधबार सम्पन्न सेमिफाइनल खेलमा दोलखाले सिन्धुलीलाई हराउँदै फाइनलमा स्थान पक्का गरेको थियो ।

दोस्रो संस्करणको बागमती प्रदेश लिग फुटबल प्रतियोगिताको सेमिफाइनल खेलमा काठमाडौंको चित्लाङ फुटबल क्लबले ललितपुर फुटबल क्लबलाई ३-१ गोलअन्तरले पराजित गरेको हो । काठमाडौंको तर्फबाट पहिलो हाफको ३ मिनेटमा यमन महर्जनले गोल गर्दै टिमलाई सुरुवाती अग्रता दिलाएका थिए । खेलको ४२ औं मिनेटमा ललितपुरका तर्फबाट रामकृष्ण चौधरीले गोल गर्दै खेललाई १-१ गोलको बराबरी पुऱ्याएका थिए ।

खेलको ४८ औं मिनेटमा काठमाडौंका महर्जनले पुनः गोल गर्दै टिमलाई २-१ को अवस्थामा उभ्याएका थिए । दोस्रो हाफको सुरुवातमा पछि परेको ललितपुर सो पश्चात खेलमा फर्कन सकेन । खेलको ६६ औं मिनेटमा काठमाडौंका तर्फबाट सुजित बुढाथोकीले गोल गर्दै अग्रता दोब्बर गरे । सो पश्चात ललितपुरले खेलमा पुनरागमन गर्न नसकेपछि हार व्यहोर्न बाध्य भएको हो । म्यान अफ द म्याच काठमाडौंका महर्जन घोषित हुँदै ३ हजार रुपैयाँको नगदसहित ट्रफी प्राप्त गरे ।

प्रदेशका १३ जिल्ला मध्ये ११ जिल्लाको लिग विजेता फुटबल क्लबको सहभागिता रहेको प्रतियोगिताको विजेताले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ ।

# गाँजासहित २ जना महिला पक्राउ

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागूऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको छ । प्रहरीले बिहीबार बिहान ६ बजेको समयमा लागूऔषध गाँजासहित २ जना महिलालाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्यामु अर्यालका अनुसार पक्राउ पर्नेमा कैलाश गाउँपालिका वडा नम्बर-५ की ३० वर्षीया अञ्जली गोले र हेटौंडा उपमहानगर पालिका वडा नम्बर-३, बसामाडी बस्ने ५१ वर्षीया ज्ञानुमाया गोले छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा उपमहानगरपालिका-४ स्थित सडकमा हिँडिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको हो ।

अञ्जली र ज्ञानुमायाले बोकेको झोला खानतलासी गर्दा १० किलो २७० ग्राम लागूऔषध गाँजा फेला परेको प्रहरी प्रवक्त अर्यालले बताउनुभयो । लागूऔषध गाँजासहित दुबैजना महिलालाई नियन्त्रणमा लिई अनुसन्धानको कार्य अघि बढाइएको प्रहरीको भनाइ छ ।

# उद्धार गरिएका क्षेत्रीको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-१, नारायणीबाट वेवारिसे अवस्थामा उद्दार गरेका राजु क्षेत्रीको मृत्यु भएको छ । बुधबार भरतपुर महानगर पालिका-२ स्थित मानवसेवा आश्रममा क्षेत्रीको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

धादिङ जिल्लाका ४३ वर्षीय क्षेत्री क्षयरोगबाट ग्रस्त रहेको खुलेको छ । क्षयरोगका कारण क्षेत्रीको मृत्यु भएको प्रहरीले बताएको छ । यस्तै विभिन्न जिल्लामा भएको आगोलागी तथा दुर्घटनाबाट १६ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।







# ११ औं सडक खाना महोत्सव सकियो

समाज संवाददाता

हेटौंडाः होटल एसोसिएसन मकवानपुरले आयोजना गरेको ११ औं सडक खाना महोत्सव सकिएको छ। हेटौंडा उपमहानगरपालिका-४ स्थित हुप्रचौरको रोडमा पुस १३ गतेबाट सुरु भएको सडक खाना महोत्सव बुधबार सकिएको हो ।

सडकमै जाउँ, सडकमै खाउँ र सडकमै रमाउँ भन्ने मूल नाराका साथ आयोजना गरिएको महोत्सवमा ३० वटा खानाको परिकारका ५० वटा स्टल राखिएको होटल एसोसिएसन मकवानपुरका अध्यक्ष दिलिश गोविन्द जोशीले जानकारी दिनुभएको छ । महोत्सवमा हेटौंडाको स्थानीय कलाकारका साथै सिन्धुली कला केन्द्रले पनि सांगीतिक प्रस्तुति दिएको उहाँले बताउनुभयो ।

स्वादका पारखीलाई मौलिक खानाको स्वाद दिलाउने र होटल व्यवसायको व्यासायिक प्रवर्द्धन गर्नका लागि ४ दिनसम्म सडक खाना महोत्सव आयोजना गरिएको उहाँले बताउनुभयो । शनिबार सुरु भएको सडक खाना महोत्सवको उद्घाटन हेटौंडा उपमहानगरपालिकाका नगर उपप्रमुख राजेश बानियाँले गर्नुभएको थियो ।

महोत्सवमा ६० लाख रुपैयाँभन्दा बढीको आर्थिक कारोबार भएको होटल एसोसिएसन मकवानपुरका महासचिव हरिगोपाल सापकोटाले बताउनुभयो । अयोजकले अनुमान गरेअनुसार नै आर्थिक कारोबार भएको महासचिव सापकोटाको भनाइ छ । महोत्सवमा दैनिक करिब २० हजार मानिसको उपस्थिति रहेको उहाँले जानकारी दिनुभयो । महोत्सवमा मकवानपुर जिल्लासहित चितवन र मधेश प्रदेशका विभिन्न जिल्लाका मानिसहरुको उपस्थिति थियो । गतवर्ष ३ दिन आयोजना गरिएको महोत्सव यसवर्ष ४ दिनसम्म आयोजना गरिएको हो ।

# स्नातक तहको परीक्षामा ५३ जना अनुपस्थित

समाज संवाददाता

हेटौंडाः त्रिभुवन विश्वविद्यालयले बुधबारदेखि देशभर सुरु गरेको स्नातक तह प्रथम वर्षको वार्षिक परीक्षामा मकवानपुरबाट ५३ जना विद्यार्थी अनुपस्थित भएका छन् । मकवानपुरको हेटौंडा-२ स्थित मकवानपुर बहमुखी क्याम्पस र हेटौंडा-४ स्थित हेटौंडा क्याम्पस परीक्षा केन्द्रबाट ५३ जनाले बिजनेस अंग्रेजी विषयको परीक्षा नदिएका हुन् ।

मकवानपुर बहमुखी क्याम्पसबाट पहिलो दिन एक सय ५० जनाले परीक्षा दिएका छन् भने ८ जना परीक्षामा अनुपस्थित भएका छन् । वंशगोपाल बहुमुखी क्याम्पस, हेटौंडा क्याम्पस, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, पालुङ बहुमुखी क्याम्पस, निर्मल बहुमुखी क्याम्पस र मनहरी बहुमखी क्याम्पसका विद्यार्थीले मकवानपुर बहुमुखी क्याम्पसबाट परीक्षा दिइरहेका छन् ।

मकवानपुर बहुमुखी क्याम्पसका विद्यार्थीले भने हेटौंडा क्याम्पसबाट परीक्षा दिइरहेका छन् । परीक्षाको पहिलो दिन ६ सय ७ जनाले मात्र परीक्षा दिएको हेटौंडा क्याम्पसका प्रकाश दाहालले जानकारी दिनुभयो । यस्तै, ४५ जनाले परीक्षा नदिएको उहाँले बताउनुभयो । परीक्षा पुस २८ गतेसम्म सञ्चालन हुनेछ ।

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**

**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

# विद्यार्थीलाई न्यानो कपडा वितरण

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकाको जालपादेवी माध्यमिक विद्यालयमा न्यानो कपडा सहयोग गरिएको छ । मकवानपुरगढी गाउँपालिका-६ स्थित जालपादेवी माध्यमिक विद्यालयका विद्यार्थीका लागि बिहीबार न्यानो कपडा सहयोग गरिएको हो ।

विद्यालयमा कक्षा २ र ३ मा अध्ययन गर्ने करिब ४० जना विद्यार्थीलाई टिसर्ट र ट्र्याकसुट प्रदान गरिएको विद्यालयका प्रधानाध्यापक राजुप्रसाद गौतमले जानकारी दिनुभएको छ । विद्यालयमा अध्ययनरत निम्न वर्गका विद्यार्थीलाई जाडोबाट बचाउन विभिन्न व्यक्तिहरुले न्यानो कपडा सहयोग गरेको उहाँले बताउनुभयो ।

हेटौंडा अस्पतालमा कार्यरत कर्मचारी श्रद्धा अधिकारी, गाउँपालिकाका समाजसेवी राजु अधिकारी, हेटौंडा-१६ हटियाका राजकुमार बन्जारा र समाजसेवी कृष्णप्रसाद पनेरुले ४३ हजार रुपैयाँ बराबरको कपडा सहयोग गर्नुभएको प्रधानाध्यापक अधिकारीले बताउनुभयो । १० कक्षासम्म पठनपाठन हुने विद्यालयमा सहयोगका लागि बन्जाराले समन्वय गर्नुभएको उहाँले जानकारी दिनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरबहादुर स्याङ्तानको सभाध्यक्ष तथा समाजसेवी बन्जाराको प्रमुख आतिथ्यमा न्यानो कपडा हस्तान्तरण गरिएको हो । कार्यक्रममा शिक्षक प्रतिनिधि भवनाथ गौतमलगायत अन्य शिक्षकहरुको उपस्थिति रहेको थियो ।

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
- थाईराईड
- क्यान्सर
- रक्तअल्पता
- वाथरोग
- बाँझोपन
- भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## हेटौँडा बचत तथा ऋण सहकारी संस्था लि.को

## वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस सहकारी संस्थाको मिति २०८१ कात्तिक १२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार २५औं वार्षिक साधारणसभा देहायमा उल्लेखित प्रस्तावहरुमा छलफल गरी निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा तय गरिएको हुँदा सम्पूर्ण सेयर सदस्य ज्यूहरुलाई एसएमएस, माइकिङ, रेडियो र सञ्चारका विविध विधिमार्फत जानकारी गराइएको र यदि कुनै कारणबस सूचना प्राप्त नभए यसै सूचनालाई आधार मानी साधारणसभामा हार्दिक आमन्त्रण गरिन्छ ।

**प्रस्तावहरू :**

१) साधारणसभाको वैधानिकता सम्बन्धमा ।
२) निर्णय पुस्तिका प्रमाणितका लागि प्रतिनिधि चयन सम्बन्धमा ।
३) अध्यक्ष ज्यूको वार्षिक नीतिसहितको संस्थागत प्रतिवेदन सम्बन्धमा ।
४) सचिव ज्यूको वार्षिक संस्थागत प्रगति प्रतिवेदन सम्बन्धमा ।
५) आर्थिक वर्ष २०८१/८२ वार्षिक योजना तथा प्रस्तावित बजेट सम्बन्धमा ।
६) आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
७) लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
८) ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
९) विनियम पुनरावलोकन सम्बन्धमा ।
१०) विनियममा थप व्यवस्था तथा संशोधन सम्बन्धमा ।
११) आर्थिक वर्ष २०८१/८२ का लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
१२) शेयर लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
१३) आन्तरिक नीति तथा कार्यविधिहरु पारित तथा अनुमोदन सम्बन्धमा ।
१४) आर्थिक वर्ष २०८१/८२ मा बजेट पारितपूर्व भएका खर्च अनुमोदन सम्बन्धमा ।
१५) लेखा सुपरीवेक्षण समितिको संयोजक चयन सम्बन्धमा ।

**निम्न :**

मिति : २०८१ पुस २० गते शनिबार
समय : बिहान १०:०० बजे ।
स्थान : नवज्योति माध्यमिक विद्यालयको खेल मैदान हेटौँडा-७, नागस्वती

**युवराज गौतम**
**सचिव**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ